(संवत् २०७९ साल कात्तिक मसान्तसम्म भएका संशोधन मिलाइएको)

# क्षतिपूर्ति ऐन, २०१९

लालमोहर र प्रकाशन मिति
२०१९।१२।३०

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
| --- | --- |
| गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६⬅ | २०६६।१०।७ |

२०१९ सालको ऐन नं. ५६

2.............

क्षतिपूर्तिको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल कानून बमोजिम नेपाल सरकारले प्राप्त गरेको वा प्राप्त गरिने सम्पत्तिको क्षतिपूर्ति दिन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "क्षतिपूर्ति ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सम्पत्ति" भन्नाले प्रचलित नेपाल कानून बमोजिम प्राप्त गरेको वा प्राप्त गरिने जुनसुकै सम्पत्तिलाई सम्झनु पर्छ ।

(ख) "धनी" भन्नाले स्टक पाएको वा सो स्टकमा हक भएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ग) "स्टक" भन्नाले यस ऐन अन्तर्गत निष्काशित गरिएको स्टकलाई सम्झनु पर्छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

⬅ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(घ) "बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्कलाई सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. <u>कुनै सम्पत्ति प्राप्त गर्न सकिने:</u> (१) सार्वजनिक हितको लागि कुनै सम्पत्ति प्राप्त गर्न आवश्यक सम्झेमा नेपाल सरकारले सो सम्पत्ति प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त गरिएको सम्पत्तिको क्षतिपूर्तिको अङ्क नेपाल सरकारबाट तोकिएको अधिकारीले निर्धारण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्तिको अङ्कमा चित्त नबुझ्ने व्यक्तिले सो निर्धारणको सूचना पाएको मितिले ३५ दिनभित्र नेपाल सरकारमा उजूर गर्न सक्नेछ र नेपाल सरकारबाट भएको निर्णय अन्तिम हुनेछ ।

(४) माथि जे सुकै लेखिएको भए तापनि कुनै सम्पत्तिको क्षतिपूर्ति प्रचलित कानून बमोजिम तोकेको भए सोही बमोजिम निर्धारण भई यो ऐन अन्तर्गत क्षतिपूर्ति दिन सकिनेछ ।

४. <u>क्षतिपूर्ति दिने:</u> कुनै नेपाल कानून बमोजिम उन्मूलन भएको, प्राप्त गरिएको वा प्राप्त गरिने सम्पत्तिको क्षतिपूर्ति यस ऐन अन्तर्गत स्टकको रुपमा दिन सकिनेछ ।

तर नेपाल सरकारले चाहेमा क्षतिपूर्ति पाउनेलाई नगदकै रुपमा पनि दिन सक्नेछ ।

५. <u>स्टक निष्काशित गर्ने अधिकार:</u> यस ऐन अन्तर्गत दिइने क्षतिपूर्तिको लागि तोकिए बमोजिमको ढाँचाको स्टक आवश्यकता अनुसार नेपाल सरकार वा बैङ्कले निष्काशित गर्न सक्नेछ ।

६. <u>स्टकको साँवा र ब्याजको भुक्तानी:</u> प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भए तापनि धनी वा निजले इच्छाएको व्यक्तिलाई नेपाल

सरकारको तर्फबाट बैङ्कले स्टकमा उल्लेख भए बमोजिमको साँवा र ब्याजको भुक्तानी दफा ७ को अधीनमा रही दिनेछ ।

७. भुक्तानी अवधि र ब्याजको दरः (१) स्टकको भुक्तानी अवधि र ब्याजको दर देहायमा तोकिएको माथिल्लो हदमा नबढाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिन सक्नेछः–

(क) भुक्तानी अवधि २० वर्ष,

(ख) ब्याजको दर ५ प्रतिशत ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि नेपाल सरकारले चाहेमा कुनै सम्पत्ति उन्मूलन वा अधिग्रहण गरिएको मिति देखि नै ब्याजको रकम दिन सकिनेछ ।

८. स्टकको ट्रष्टी बैङ्क हुन सक्नेः (१) यस ऐन बमोजिम दिइएको स्टकको ट्रष्टी बैङ्क हुन सक्नेछ ।

(२) बैङ्कले धनीको नाम आफ्नो खातामा दर्ता गरी निजलाई तोकिए बमोजिमको निस्सा दिनु पर्छ ।

(३) धनीले चाहेमा बैङ्कले निजको स्टकलाई आफ्नो जिम्मामा लिई वर्षमा दुई पटकमा नबढाई तोकिए बमोजिमको ब्याजको भुक्तानी दिन सक्नेछ ।

९. स्टकको व्ययभारः यस ऐन अन्तर्गत दिइएको स्टकको भुक्तानीको रकम सञ्चित कोषप्रति व्ययभार हुनेछ ।

१०. ऋणमोचन कोष खडा गर्न सक्नेः नेपाल सरकारले यो ऐनको प्रयोजनको लागि ऋणमोचन कोष खडा गर्न सक्नेछ ।

११. स्टक सम्बन्धी कारबाहीः यस ऐन बमोजिम निष्काशित स्टक सम्बन्धी कारबाही बैङ्कले मात्र गर्न सक्नेछ र सो कारबाही गर्दा नेपाल सरकारबाट स्वीकृत ढाँचामा स्टकको आर्थिक स्थिति बारेको प्रतिवेदन समय समयमा नेपाल सरकारमा दिनु पर्छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१२. स्टकको नामसारीः धनीले स्टकको नामसारीको लागि लिखित अनुरोध गरेमा बैङ्कले तोके बमोजिमको फीस ली सबै कुरा बुझी नामसारी गरिदिन सक्नेछ ।

१३. कुनै स्टकको धनीको सम्बन्धमा झै झगडा उत्पन्न भएमाः कुनै स्टकको धनीको सम्बन्धमा कुनै किसिमको शङ्का झै झगडा उत्पन्न भएमा अदालतबाट ठहरे बमोजिम हुनेछ ।

१४. बिर्ता उन्मूलन ऐन, २०१६ मा संशोधनः बिर्ता उन्मूलन ऐन, २०१६ मा देहाय बमोजिम संशोधन गरिएको छः–

(क) दफा ९ को उपदफा (१) मा रहेको "सोही अनुसूचीमा लेखिएको रीत बमोजिम" भन्ने शब्दहरुलाई झिकिएको छ ।

(ख) भइरहेको अनुसूचीको "क्षतिपूर्तिको रीत" मा रहेका वाक्यहरुलाई झिकिएको छ ।

१५. नियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले बैङ्कको राय लिई नियमहरु बनाउन सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।